# आत्मनिर्णय वा स्वेच्छको स्वतन्त्रता, प्रेम र ईस्वरीय हस्तक्षेप



## शबाथ दिउँसो

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:** *लूका १३:३४; यर्मिया ३२:१७-२०; हिब्रू १:३; व्यवस्था ६:४, ५; एफिसी १:९-११; र यूहन्ना १६:३३।*

**याद गर्नुपर्ने पद: "मैले तिमीहरूलाई यी कुरा यस हेतुले भनेको छु, कि ममा तिमीहरूलाई शान्ति होस्। संसारमा तिमीहरूलाई सङ्कष्ट हुनेछ, तर साहस गर, मैले संसारलाई जितेको छु।"** *(यूहन्ना १६:३३)*।

**यस** संसारमा परमेश्वरको क्रियाकलापलाई *विधाताको काम* भनेर परिभाजित गरेको छ। परमेश्वरको काम कस्तो छ भनेर सोच्ने बानीले उहाँसँग हाम्रो सम्बन्धमा धेरै फरक पार्दछ। अरूहरूसँगको हाम्रो सम्बन्ध र कारोबारमा र पापको समस्यालाई सोच्ने मनिस्थितिलाई परमेश्वरसँगको हाम्रो सम्बन्ध र हामीमा भएको उहाँको चरित्रको ज्ञानलाई असर पार्दछ।

विधाताका कामहरूको बारेमा विभिन्न इसाईहरूले विभिन्न धारणाहरू राख्दछन्। यस संसारमा भइरहेका विभिन्न घटनाक्रमहरूमा परमेश्वरले नै आफ्नो शक्ति प्रयोग गरेर ती भइरहेका छन् भनेर कतिपय इसाई विद्वानहरूले दाबी गर्छन्। अझ अनन्त जीवन पाउँछ वा पाउँदैन भन्ने रोज्ने वा निर्णय गर्ने अधिकार उहाँमा मात्र निहित भएको छ भनेर कतिपय इसाईहरूले सिकाउँदछन्। यदि यो दृष्टिकोण सेभेन्थ-डे एड्भेन्टिस्टहरूले पनि माने भने कोही मानिस पनि आत्मनिर्णय वा स्वविवेकको स्वतन्त्रताको दायरामा छैन भनेर मान्नुपर्दछ। जे हुन्छ सो विधाताको खेल भनेर मानिसहरू लाचार भएर बस्ने हुन्छन्। यतिसम्म कि कतिपय इसाई वा अन्य धर्मदर्शनहरूले विश्वास गर्छन् कि मानिसले सोच्ने

र मानिसका चाहनाहरूलाई परमेश्वरले निर्धारण गरेका हुन्छन् वा भाग्यको खेल भनेर मान्न पुगेको हुन्छ।

त्यसको विपरित, प्रत्येक थोक जे हुन्छ त्यो परमेश्वरले निर्णय गरेर भएको होइन भनेर बाइबलबाट बलियो प्रमाणले प्रस्तुत गर्दछ। तर उहाँले मानव प्राणीलाई स्वविवेक वा आत्मनिर्णयको स्वतन्त्रतालाई सजाएर सृष्टि गर्नुभएको थियो। असल र खराब रोज्ने वा त्यसअनुसार चल्ने अधिकार मानिसमा नै निहित गरिएको छ भनेर बाइबलमा जिकिर गरिएको छ। अझ भनौं भने उहाँले मानव प्राणी र स्वर्गदूतहरूलाई यस्तो किसिमको वैचारिक वा विवेकको स्वतन्त्रता दिनुभएको छ कि तिनीहरूले चाहेको खण्डमा परमेश्वरकै चाहनाको विरुद्धमा जान सक्छन्। यो विवेकको स्वतन्त्रता, आत्मनिर्णयको स्वतन्त्रता वा के रोज्ने वा नरोज्ने स्वतन्त्रतालाई दुरुपयोग गरेकोले मानिस र स्वर्गदूतहरू पतन भएर पाप गर्न लागेका थिए। यस संसारमा भइरहेका खराब, आतङ्कित पार्ने प्रवृत्तिको नाटकीय इतिहासले नै दुःखदायी घटनाहरूको पुष्टि गर्दछ। वैचारिक वा आत्मनिर्णयको स्वतन्त्रताको दुःखदायी दुरुपयोगलाई निवारण गर्नको लागि नै मुक्तिको योजनाको स्थापना भएको थियो।

# सार्वभौम सनातन परमेश्वर

एक दिन एक जना युवा पास्टरले हाइस्कुलका विद्यार्थीहरूलाई यो सिकाएका थिए, "परमेश्वर सार्वभौम हुनुहुन्छ।" "त्यसको अर्थ हो, यस संसारमा जे भइरहेका छन्, उहाँकै नियन्त्रण वा आदेशअनुसार हुन्छ," भनेर उनले थपे। "त्यसको अर्थ जब मेरो कुकुर मऱ्यो तब त्यो परमेश्वरकै नियन्त्रणमा थियो। परमेश्वरले मेरो कुकुरलाई किन मार्नुभयो त?" एक जना अलमलमा परेको विद्यार्थीले उनलाई सोध्यो।

त्यसको जवाफ दिन प्रयास गर्न खोज्दा त्यस युवा पास्टरले जवाफ दिए, "त्यसको जवाफ त गाह्रो छ। तर परमेश्वरले हामीलाई कहिलेकाहीँ कठोर समयमा जान दिनुहुन्छ ताकि त्योभन्दा भविष्यमा अझ कठिन परिस्थितिलाई हामीले सामना गर्न सकूँ। मेरै कुकुर मर्दा मलाई कस्तो गाह्रो भएको थियो भनेर मलाई याद छ। तर त्यसले गर्दा पछि मेरा हजुरबा र हजुर आमा मर्दा अझ कठिन परिस्थितिको सामना मैले गर्न सकेको थिएँ। के त्यसले तिम्रो प्रश्नको जवाफ दिन्छ त?"

केही समय सोचेपछि त्यस विद्यार्थीले जवाफ दियो, "त्यसको अर्थ परमेश्वरले मेरो कुकुरलाई मार्नुभयो ताकि उहाँले मेरी हजुर आमालाई मार्नुहुँदा मैले सहन सक्ने हुने हो त?"–मार्क कोर्टे, जोन सी. पेखामले आफ्नो पुस्तक *डिभाइन आट्रिव्युटस्: नोइङ्ग द कनभेन्सनल गड अभ द स्क्रिपचरमा* उद्धृत गरिएको (मिशिगन: बेकर, २०२१), पृ. १४१।

सबै थोक परमेश्वरकै नियन्त्रणमा छ भनेर सोच्ने मानिसहरूले यो अनुमान गर्दछन् कि जे हुन्छ परमेश्वरकै इच्छाअनुसार हुन्छ। यस संसारमा जे भइरहेका छ, जस्ता: युद्ध, आतङ्क, हत्या, भ्रष्टाचार, चोरी, डकैटी आदि परमेश्वरकै इच्छाअनुसार भएको रे! परमेश्वर सर्वशक्तिमान्, सर्वज्ञानी र सर्वव्यापी हुनुहुन्छ, त्यसकारण जे हुन्छ सो उहाँकै अनुमतिले हुन्छ रे! तब परमेश्वरले नचाहेको केही कुरा वा घटना पनि हुन सक्छ र? किनभने जे हुन्छ जतिसुकै खराब वा असल परमेश्वरकै इच्छाअनुसार हुने हो। के सबै धार्मिक दर्शन वा विज्ञानले यो सिकाउँदैन र?

पढ्नुहोस्: **भजनसंग्रह ८१:८-१६; यशैया ३०:१२-१८; यशैया ६६:४; र लूका १३:३४-३५ पढ्नुहोस्। के परमेश्वरको चाहना वा निर्णयलाई सधैँ कार्यान्वयन हुन्छ कि हुँदैन भनेर यी पदहरूले कसरी देखाउँछन्?**

परमेश्वरले जे चाहनुहुन्छ त्यही सधैँ गर्नुहुन्छ भनेर कतिपय इसाईसमेत विभिन्न धर्मदर्शनहरूले सिकाउँदछन्। तर बाइबलले त्यसको विपरित शिक्षा सिकाउँदछ। बाइबलमा बारम्बार चित्रण गरेको छ कि आफैका चाहनाहरू पूरा नभएका परमेश्वरले अनुभव गरिरहनुभएको छ र ती चाहनाहरू पूरा नहुँदा उहाँलाई पीडा वा प्रसववेदना जस्तै भइरहेको हुन्छ। परमेश्वरले चाहनुभएको, आदेश दिनुभएको वा उहाँकै योजनाको विपरित कतिपय घटनाहरू भइरहेका थिए भनेर बाइबलले देखाउँदछ। उहाँले यो स्पष्ट पार्नुभएको छ कि उहाँले जे चाहनुहुन्छ त्यसको विपरित भइरहेको हुन्छ। उहाँको योजना, चाहना वा इच्छा मानिसहरूप्रति जे थियो, मानिसहरूले त्यसको विपरित चलेर नकारात्मक नतिजाहरू तिनीहरूले नै आफ्नो थाप्लोमा ल्याएका थिए भनेर बाइबलले खुलासा गर्दछ। परमेश्वर आफै यसरी बिलाप गर्नुहुन्छ, "मेरो प्रजाले मैले भनेको सुनेन। ... मेरा प्रजाले मेरो सोर सुनेका भए त, इस्राएल मेरो मार्गमा हिँड़ेको भए त, म चाँड़ै तिनीहरूका शत्रुहरूलाई पराजित गर्नेथिएँ" *(भजनसंग्रह ८१:११, १३, १४)*। र "मेरा प्रजा ज्ञानको कमीले गर्दा नष्ट भएका छन्। "तिमीहरूले ज्ञानलाई इन्कार गरेका हुनाले, म पनि तिमीहरूलाई मेरा पूजाहारी हुनदेखि इन्कार गर्नेछु। तिमीहरूले आफ्ना परमेश्वरको व्यवस्थालाई बेवास्ता गरेका हुनाले, म पनि तिमीहरूका छोराछोरीको बेवास्ता गर्नेछु" *(होशे ४:६)*।

**कतिपय इसाई नै किन नहून् धर्मदर्शन वा विद्याले सिकाएको ज्ञानमा यस संसारमा जे हुन्छ सो परमेश्वरके सिधै इच्छाले हुन्छ भन्ने धारणालाई सोच्नुहोस्। विशेष गरेर खराबको सन्दर्भमा यस्तो दर्शनले कस्ता समस्याहरू उब्जिन सक्छन्? घोरिएर सोच्नुहोस्।**

# सर्वशक्तिमान्, सर्वज्ञानी र सर्वव्यापी भनेर चित्रण गरिएको परमेश्वर वा पान्टोक्रेटर (Pantokrator)

परमेश्वरको आश्चर्यचकित पार्ने शक्ति बाइबलभरि प्रकट गरिएको छ। परमेश्वरले अनेकौँ अचम्मका कामहरू गर्नुभएका र उहाँको शक्तिको प्रदर्शनका विवरणहरू बाइबलमा समावेश भएका छन्। यद्यपि, विभिन्न क्रियाकलाप र चकित पार्ने आश्चर्य कामहरू गर्ने शक्ति उहाँमा भए तापनि धेरै कुराहरू भएको पाउँछौं जुन उहाँको चाहना विपरित थिए।

पढ्नुहोस्: **प्रकाश ११:१७; यर्मिया ३२:१७-२३; लूका १:३७; मत्ती १९: २३-२६ पढ्नुहोस्। हिब्रू १:३ पदलाई पनि विचार गर्नुहोस्। परमेश्वरको शक्तिको बारेमा यी पदहरूले हामीलाई के सिकाउँछन्?**

________________________________________

________________________________________

________________________________________

उपर्युक्त पदहरू र अरूहरूले यो बताउँदछन् कि परमेश्वर सर्वशक्तिमान् हुनुहुन्छ र उहाँकै शक्तिले यस पृथ्वीलाई थामिराखिरहनुभएको छ। प्रकाशको पुस्तकमा परमेश्वरको बारेमा बारम्बार यसरी सम्बोधन गरिएको छ, "प्रभु परमेश्वर सर्वशक्तिमान्" *(उदाहरणको लागि प्रकाश ११:१७ हेर्नुहोस्; यस पदलाई निम्न पदहरूसँग तुलना गर्नुहोस्: प्रकाश १:८; १६:१४; १९:१५; २१:२२; र २ कोरन्थी ६:१८)*। "सर्वशक्तिमान्" *(pantokrator पान्टोक्रेटर)*को अक्षरस अर्थ हो सबै शक्ति, अधिकार, बाहुबलले सुसज्जित हुनुभएको परमेश्वर। परमेश्वर सर्वशक्तिमान् हुनुहुन्छ भन्ने धारणा केवल भाषण वा बोलीहरूले मात्र होइन उहाँकै कामहरूले समर्थन गर्दछन्। परमेश्वरले आफ्नो शक्ति प्रयोग गर्नुभएर उहाँका जनहरूलाई मिश्र देशबाट उद्धार गर्नुभएको थियो। त्यसको साथै यस संसारमा उहाँले गर्नुहुने आश्चर्य कामहरूको विद्यमान त छ नै।

यद्यपि परमेश्वर सर्वशक्तिमान् हुनुहुन्छ भन्दैमा उहाँले जे पायो त्यही गर्न सक्नुहुन्न भन्ने पनि हामीले बुझ्नुपर्दछ। उहाँले केही काम गर्न सक्नुहुन्न भनेर बाइबलले नै हामीलाई सिकाउँछ। उदाहरणमा, २ तिमोथी २:१३ले यो सिकाउँदछ, "उहाँले आफैलाई इन्कार गर्न सक्नुहुन्न।"

त्यसैअनुसार, परमेश्वर सर्वशक्तिमान् हुनुहुन्छ भनेर प्रायः जसो सबै इसाईहरूले मञ्जुर गर्दछन्। अर्थात् उहाँ सबै थोक गर्न शक्ति सम्पन्न हुनुहुन्छ तर उहाँले आफूसँग बाँझ्ने कुनै कुरो गर्नुहुन्न। जुन कुरो तर्कयुक्त छ र उहाँको स्वभावअनुसार मिल्दछ त्यो काम उहाँले गर्नुहुन्छ। त्यसको अर्थ कतिपय कामहरू परमेश्वरले गर्न सक्नुहुन्न जसले गेतसमनीमा येशूको प्रार्थनाको विपरित हुन्छ। परमेश्वरको निम्ति सबै थोक सम्भव छ भनेर येशूले बताउनुभए तापनि *(मत्ती १९:२६)* आफू क्रूसको नजिक आउँदा येशूले यो प्रार्थना गर्नुभएको थियो, "ओ मेरो पिता, यदि सम्भव भए यो कचौरा मबाट हटाइदिनुहोस्; तर मेरो इच्छाअनुसार होइन तपाईंकै इच्छाअनुसार होस्" *(मत्ती २६:३९)*।

हो, येशूलाई क्रूसको पीडा वा वेदनाबाट पिताले हटाउन सक्ने शक्ति र अधिकार उहाँसँग भए तापनि उहाँले पापीहरूलाई मुक्ति दिन त्यो कचौरा हटाउने काम गर्न सक्नुहुन्नथ्यो। येशूले कि त कचौरा पिउनुपर्दथ्यो वा मुक्ति नदिनुपर्दथ्यो। नपिउनुभएर उहाँले पापीलाई मुक्ति दिन सक्नुहुन्नथ्यो।

**यस संसारमा जन्मेको प्रत्येक मानव प्राणीलाई परमेश्वरले उद्धार गर्न चाहनुहुन्छ भनेर बाइबलले स्पष्ट पारेको छ** *(१ तिमोथी २:४-६; तीतस २:११; २ पत्रुस ३:९; इजकिएल ३३:११)*। **उहाँको इच्छा भयो भन्दैमा सबै मानिसहरूले मुक्ति पाउन सक्दैन। उहाँले मानिसहरूलाई आत्मनिर्णयको अधिकार वा स्वतन्त्रताले सम्पन्न गर्नुभएको वास्तविकताको सन्दर्भमा कसले मुक्ति पाउँछ वा पाउँदैन भन्ने निर्णय मानिसमै निहित भएको तथ्यले हामीलाई कसरी बुझाउँछ?**

# परमेश्वरलाई प्रेम गर्नु

परमेश्वर सर्वशक्तिमान् हुनुहुन्छ भन्दैमा जुन कुरा न्यायसङ्गत छैन र तर्कपूर्ण छैन ती उहाँले गर्नुहुनेछ भन्ने छैन। कसैले उहाँलाई त्यसै प्रेम गरून् भन्ने *उहाँ चाहनुहुन्न*। मानिसको आत्मनिर्णयलाई परमेश्वरले जबरजस्ती हस्तक्षेप गरेर उहाँका आज्ञाहरू पालन गरून् भन्ने नीति उहाँको होइन। कसैले के गर्नुपर्छ भनेर निर्धारण नै नगरी वा नअह्राई स्वतन्त्र रूपमा हामी काम गर्न नपाएसम्म हामीले *स्वेच्छाले* काम गर्न असम्भव हुन्छ। छोटकरीमा भन्ने हो भने कसैले उहाँलाई प्रेम गर्न बाध्य बनायो वा स्वेच्छाले प्रेम गर्न दिएन भने त्यो प्रेमचाहिँ प्रेम हुन सक्दैन, किनकि कसैले कसैलाई पनि जबरजस्ती प्रेम गर्न लाउन सक्दैन।

पढ्नुहोस्: **स्वेच्छा वा आत्मनिर्णय वा विवेकको स्वतन्त्रताको बारेमा देहायका पदहरूले हामीलाई के सिकाउँदछन्? हेर्नुहोस्, मत्ती २२:३५-४० र व्यवस्था ६:४, ५।**

परमेश्वरलाई प्रेम गर भन्ने सबभन्दा महान् आदेश वा आज्ञाले यो प्रमाणित गरेको छ कि यस संसारमा जन्मिने प्रत्येक मानव प्राणी जोसुकै होस् वा जहाँ होस् उहाँलाई प्रेम गरून् भन्ने उहाँको इच्छा वा चाहना हो। तर, प्रत्येक मानव प्राणीले उहाँलाई प्रेम गर्दैन न त उहाँप्रति भक्ति नै देखाउँछ। त्यसो भए उहाँले किन त प्रत्येक मानव प्राणी उहाँलाई स्वतः प्रेम गर्ने मिजासका साथ सृजनुभएन? किनभने प्रेम गर्न र प्रेमिलो हुने मिजास स्वेच्छाको अधिकार हो।

पढ्नुहोस्: **मत्ती ६: १४-१७ र तितस १:२ पढ्नुहोस्। परमेश्वरको बारेमा यी पदहरूले हामीलाई के सिकाउँछन्?**

गन्ती २३:१९मा लेखिएको छ, "परमेश्वर मानव प्राणीजस्तो होइन जसले फटाहा कुरा गर्न सक्छ।" परमेश्वरले कहिले पनि झूट बोल्नुहुन्न *(तितस १:२)*; परमेश्वरले आफ्नो प्रतिज्ञा जहिले पनि पालन गर्नुहुन्छ र त्यसलाई उहाँले तोड्नुहुन्न *(हिब्रू ६:१७,१८)*। त्यसैअनुसार यदि परमेश्वरले केही गर्छु भनेर वाचा दिनुभएको छ भने, उहाँले गर्नुहुने सबै भावी कामहरू गर्दा उहाँलाई वाचाको नैतिक दायराले सिमित गरिरहेको हुन्छ।

त्यसको वास्तविक अर्थ यो हो कि उहाँकै चाहनाअनुसार मानिसहरूलाई आत्मनिर्णय, स्वविवेकको स्वतन्त्रता वा स्वेच्छाको अधिकार प्रदान गर्नुभएकोले मानिसले जे निर्णय गर्छ त्यो उसकै निर्णय हो, परमेश्वरको होइन। यदि उहाँका जीवहरूलाई स्वेच्छाको स्वतन्त्रताले सजाएर उहाँले सृष्टि गर्नुभएको हो भने त्यस स्वतन्त्रतालाई दुरुपयोग गर्न वा परमेश्वरको आदर्श नीतिको खिलाफ जाने अधिकार उसैलाई दिइएको छ (कतिपय धर्महरूमा भाग्यको खेल, पुर्पुरोमा जे लेखिएको छ त्यही हुन्छ भन्ने जस्ता धारणाहरू सिकाउँछ। यो धारणा बाइबलीय शिक्षाको विपरित हो अर्थात् मानिसले गल्ती गरे विधाता जिम्मेवार छैन)। दुःखलाग्दो वा कहालीलाग्दो कुरो त यो छ कि धेरै मानिसहरूले आफ्नो स्वविवेक, स्वेच्छा वा आत्मनिर्णयको अधिकारलाई आफूखुशी नै प्रयोग गर्न दुरुपयोग गरिरहेका छन्। अर्थात् यस संसारमा धेरै क्रियाकलाप हुन्छन् वा मानव प्राणीले निर्णय गरेर चलाउँछन् जुन परमेश्वरको चाहनाअनुसार होइन। कडाइका साथ भन्नुपर्दा यस संसारमा जे दुर्गति भइरहेको छ सोको जिम्मेवार परमेश्वर होइन।

**तपाईंले के गर्नुभएको छ जुन परमेश्वरले गरेको चाहनुहुन्न भनी तपाईंलाई थाहा थियो? स्वेच्छा, आत्मनिर्णय वा स्वविवेकको स्वतन्त्रताको वास्तविकताले मानिसमा भयानक नतिजा हुने रहेछ भन्ने धारणाको विषयमा यसले कसरी सिकाउँछ?**

# परमेश्वरको आदर्श र सुधारात्मक चाहनाहरू

पढ्नुहोस्: **किस्मत वा विधाताको खेल, पुर्पुरो वा भाग्यमा जे लेखिएको छ सो हुन्छ वा पूर्वजन्मका फलजस्ता धारणाहरू बाइबलले समर्थन गर्दैन। कतिपय इसाईहरूले नै यो सिकाउँदछन् कि कसले मुक्ति पाउने वा स्वर्ग जान पाउने वा को पाउँदैन भन्ने कुरा परमेश्वरले अघिबाट निर्धारण गर्नुहुन्छ। यस शिक्षा बाइबलको निम्ति अमान्य छ भन्ने कुरा देहायका पदहरूले के सिकाउँछन्? हेर्नुहोस्, एफिसी १:३-१४।**

________________________________________

________________________________________

________________________________________

"प्रिडेस्टिनेशन predestination" अर्थात् पूर्वनिर्धारण वा भाग्य भन्ने ग्रीक भाषामा यहाँ र अन्त बाइबलमा अनुवाद गरिएको शब्द *प्रोहोरिजो prohorizo* हो। परमेश्वरले सञ्चालन गर्नुभएको अनुसार इतिहास त्यस्तै परिचालन हुने रहेछ भनेर यस शब्दले औँल्याउँदैन। तर त्यसको अर्थ "पहिला निर्णय गरिएको" भनेर बुझाउँछ।

हुन त, आफू खुशीले आफ्नो पक्षमा के निर्णय गर्ने हो भनेर कसैले गर्न सक्छ वा उसले अरूहरूका आत्मनिर्णयहरूलाई ध्यानमा राखेर कसैले अगाडि नै निर्णय गर्न सक्छ। परमेश्वरले जे गर्नुहुन्छ त्यसमा अरूहरूको ध्यान राखी गर्नुहुन्छ भनेर बाइबलले सिकाउँदछ।

यहाँ र रोमी ८:२९, ३०मा "पूर्वनिर्धारित" भन्ने शब्दले भविष्यमा परमेश्वरको योजनाको बारेमा उल्लेख गर्दछ। त्यो पनि *भविष्यमा उहाँका जीवहरूले के निर्णय गर्न सक्छन् सो उहाँलाई थाहा छ भन्ने ध्यानमा राखेर* नै उहाँले योजना बनाउनुहुन्छ। त्यसकारण, सबैको हितलाई ध्यानमा राखेर वा चाहना गरेर उहाँले इतिहासका कदमहरूलाई अगुवाइ गर्न सक्नुहुन्छ। यसमा पनि परमेश्वरप्रति सकली प्रेमको सम्बन्ध राख्ने स्वेच्छालाई सम्मान गर्दै उहाँले कदम चाल्न सक्नुहुन्छ।

एफिसी १:११, १२मा यो घोषणा गरिएको छ, "उहाँमा, जसले सबै कुरा आफ्नो इच्छाको योजनाअनुसार पूरा गर्नुहुन्छ, आफ्नो अभिप्रायअनुसार हामी ख्रीष्टमा

पहिलेदेखि आशा राख्नेहरूलाई उहाँले आफ्नो महिमाको प्रशंसाको निम्ति जिउन सकौं भनेर उहाँमा नै नियुक्त गर्नुभएको छ र छान्नुभएको छ।" त्यसको अर्थ यहाँ जे हुन्छ त्यो उहाँकै चाहनाअनुसार हुन्छ भन्न खोजिएको हो त? एफिसी १:९-११लाई मात्र अलग गरिएर पढियो भने त्यही भन्न खोजिएको हो जस्तो लाग्न सक्छ। तर कतिपय समयमा परमेश्वरको चाहना वा अभिप्रायलाई मानिसहरूले नै अस्वीकार गरेर बेथितिमा चलेको हुन्छ भनेर देखाउने धेरै पदहरूसँग त्यस धारणा बाझेको हुन्छ *(लूका ७:३०लाई लूका १३:३४ र भजनसंग्रह ८१:११-१४सँग तुलना गर्नुहोस्)*। यदि बाइबल आफ्नो भनाइसँग बाझ्दैन भने ती पदहरूलाई पनि अरू पदहरूसँग मिलिरहेको हुन्छ भनेर कसरी बुझ्ने?

परमेश्वरको "आदर्श चाहना" र "सुधारात्मक चाहना" के हो सो त्यसमा भिन्नता राख्न सक्यौं भने एफिसीको भनाइलाई राम्रोसँग बुझ्न सकिन्छ। के भएको परमेश्वर चाहनुहुन्छ सो सबैले गरेका भए त्यही आदर्श चाहनाअनुसार हुन्थ्यो। परमेश्वरको सुधारात्मक चाहना भन्नुको अर्थ उहाँका जीवहरूले आफ्ना स्वेच्छालाई प्रयोग गरेर चल्छ भने के हुन सक्छ र कहिलेकाही तिनीहरूले परमेश्वरकै इच्छाको विपरित चल्नेछन् भन्ने मामिलालाई ध्यानमा राखेर उहाँले योजना बनाउनुहुन्छ। एफिसी १:११मा उहाँको सुधारात्मक चाहना तर्जुमा गरिएको देखाउँछ।

**परमेश्वरमा भएको भविष्यको पूर्वज्ञान यस्तो शक्तिशाली छ कि मानिसले गर्ने सबै निर्णयहरू चाहे असल होस् वा खराब होस्, ती सबै थोक असलकै निम्ति हुन सक्छन्** *(रोमी ८:२८)* **भन्ने सत्यलाई तपाईंले कसरी बुझ्न सक्नुहुन्छ र त्यसबाट के सान्त्वना पाउनुहुन्छ?**

# येशू ख्रीष्टले संसारमाथि विजय प्राप्त गर्नुभयो

यदि परमेश्वरको आदर्श चाहनाअनुसार सबै थोक भएको भए यस जगत् ब्रह्माण्डमा खराब तत्त्वले शिर उठाउन सक्नेथिएन। सबै थोक प्रेम र एकसुरताको सच्चिदानन्दको उपस्थिति भइरहन्थ्यो। तर परमेश्वरकै समयमा जगत् ब्रह्माण्डलाई उहाँकै आदर्श चाहनाअनुसार सिद्धतामा पुनर्स्थापित हुनेछ। तर त्यतिन्जेल, उहाँका जीवहरूका आत्मनिर्णयका स्वतन्त्र अधिकारहरूलाई ध्यानमा राखेर परमेश्वरले उहाँको इच्छालाई परिचालन गरिरहनुभएको छ।

यो कल्पना गर्नुहोस्। कसैले लड्डु बनाउने प्रतिस्पर्धामा भाग लिएको छ रे। त्यो बनाउने परिकारमा खास के-के थोक हाल्नुपर्छ भनेर निर्देशन दिइयो रे! तर तिनीहरूले चाहेको स्वादअनुसार केही सामग्रीहरू थप्न सक्छन् रे। लड्डु बनाएपछि त्यसमा के-के सामग्री राखेको छ त्यसअनुसार तिनीहरूले स्वाद पाउँछन् तर कुनै स्वाद यस्तो हुन सक्छ कि तिनीहरूले केही सामग्री नराख्ने निर्णयले गर्दा लड्डुको स्वाद चाहेको अनुसार नभएको हुन सक्छ।

त्यो सीमित ज्ञान दिने चित्रण भए तापनि प्रेम गर्ने आफ्ना जनहरूको स्वतन्त्रतालाई सम्मान गर्न परमेश्वर कतिवद्ध हुनुभएको छ। यस संसारको इतिहासमा समावेश भइरहेका कतिपय धेरै सामग्रीहरू परमेश्वर आफैले चुन्नुभएको होइन र उहाँकै चाहना विपरित समावेश भइरहेका छन्।

यस परिवेशमा परमेश्वरको काम केवल एकतर्फी मात्र होइन र संसारमा जे भइरहेका छन् ती उहाँको एक्लैको नियन्त्रणमा भइरहेको छैन। यसमा परमेश्वरका कामका कमसेकम दुई पक्षहरू देखिएका छन्। कुही थोकहरू परमेश्वरबाट नै कार्यान्वयन भएको छ भने अरू थोकहरू उहाँले नै प्रदान गर्नुभएको मानिसहरूमा भएका विवेकको स्वतन्त्रताका कारणहरूले भएका हुन्छन्। त्यही स्वतन्त्रतालाई दुरुपयोग हुँदा कतिपय अवाञ्छनीय गतिविधिहरू उहाँका इच्छा विपरित भइरहेका छन्।

पढ्नुहोस्: **दुःख, कष्ट, पीडा र अन्यौलताको बीचमा पनि हामी कुन आशामा झुण्डिरहन सक्छौं भनेर यूहन्ना १६:३३ पदले हामीलाई कसरी देखाउँछ?**

कतिपय पीडा, कष्ट, परीक्षा र वेदनाका समयहरूमा येशूका विश्वासीहरूको आस्था ढलमलिन सक्छ। ती सबै थोक परमेश्वरकै चाहनाअनुसार भएको छ र सबै थोक उहाँको नियन्त्रणमा छ भन्ने गलत शिक्षाले इसाईहरूको आस्थामा आँच आउन सक्छ। तर येशूले आफ्नो फरक मत दिनुहुन्छ। यस संसारमा उहाँका भक्तहरूले संसारले ल्याउने दुःख, कष्ट, पीडा र परीक्षाहरूको सामना गर्नुपर्नेछ तर त्यहाँ आशाको किरण चम्काइएको छ। येशू ख्रीष्ट आफै पनि संसारमा ल्याइएका कष्ट, वाधा, सङ्कष्ट आदिमाथि विजय पाउनुभएको थियो *(यूहन्ना १६:३३)*।

संसारमा हामीले सामना गर्नुपर्ने पीडा, कष्ट आदि परमेश्वरकै चाहनाअनुसार भएको हो भन्ने अर्थ हामीमा हुनुहुँदैन। हामीले वृहत चित्रलाई हाम्रो दिमागमा राखिरहनुपर्दछ: त्यो परमेश्वर र शैतानको बीचमा भइरहेको महान् विवादीय युद्ध हो। त्यस परिवेशमा हामीले सामना गर्नुपर्ने खराब तत्त्वहरू असलको निम्ति नभए तापनि परमेश्वरले हाम्रै हितको निम्ति परिणत गर्न सक्नुहुन्छ। यदि हामीले परमेश्वरमाथि भरोसा राख्यौं भने हामीमा आउने कष्टहरूले हामीलाई उहाँको नजिक ल्याउन सक्छन्। अरूप्रति दया, करुणा देखाउन र प्रेमिलो व्यवहार गर्न ती कष्टहरूले हामीलाई प्रेरणा दिन सक्छन्।

**थप जानकारी:** एलेन जी. ह्वाइटद्वारा लिखित द *डिजाएर अभ एजेजको* पृ. १९-२६मा रहेको "गड विथ अस" भन्ने अध्याय पढ्नुहोस्।

"शैतानसँग भिडन्त भएपछि वा मानिसले पाप गरेपछि मुक्तिको योजना तयार पारिएको थिएन। यो त युगौँ-युगदेखि चुपचाप राखिएको रहस्य मुताविक नै प्रकट गरिएको थियो। रोमी १६:२५। यसमा परमेश्वरको सिंहासनको जगमा नै युगौँ-युगसम्म रहेका नीतिहरू उघारिएका थिए। सुरुदेखि नै परमेश्वर र ख्रीष्टलाई थाहा थियो कि लुसिफर भ्रष्ट हुनेछ र उसको छली शक्तिले मानिसलाई पतन गराएर भ्रष्ट पार्नेथियो। पापको अस्तित्व परमेश्वरले नियुक्त गर्नुभएको थिएन, तर त्यसको अस्तित्वको बारेमा उहाँलाई पूर्वज्ञान थियो र आउने भयानक आपतको सामना गर्न उहाँले प्रावधान बनाउनुभएको थियो। यस संसारका मानिसहरूप्रति उहाँको प्रेम यति महान् थियो कि आफ्नै प्रिय पुत्रलाई बलिको रूपमा पठाउन उहाँले मञ्जुर गर्नुभएको थियो। यस संसारमा जन्मिने कोही मानिस पनि नाश नहून् तर अनन्त जीवन पाऊन् भन्ने परमेश्वरको लक्ष्य थियो। यूहन्ना ३:१६।–द *डिजाएर अभ एजेज*, पृ. २२।

**छलफलको लागि प्रश्नहरू:**

**१. परमेश्वरले के चाहनुहुन्छ सो उहाँले जहिले पनि पाउनुहुन्न भन्ने ज्ञान पाएर यस संसारमा के भइरहेको छ भन्ने गतिविधिमा तपाईंको राय के छ? परमेश्वरकै अपूर्ण चाहना वा लक्ष्यहरूको बारेमा के व्यवहारिक समझदारी तपाईंमा छ?**

**२. लड्डुको कथाको चित्रणलाई हामीले हेर्‍यौं भने परमेश्वर र ख्रीष्टलाई शैतान भ्रष्ट हुने थाहा पाए तापनि उहाँहरूले हामीहरूलाई किन सृष्टि गर्नुभयो? उहाँले प्रेम गर्न सक्ने मात्र क्षमता दिएर सृष्टि गर्नुभएन तर त्यसको दुरुपयोग गर्दा येशूलाई क्रूसमा बलि हुनुपर्‍यो। परमेश्वरको राज्यप्रणालीमा प्रेमको जग वा मौलिकता कतिको थियो किनभने मानिसलाई प्रेम गर्ने आत्मनिर्णयलाई दबाउनुको सट्टा येशू क्रूसमा कष्ट पाउन रोज्नुभयो?**

**३. यस संसारमा वा हामीमा नै भइरहेको दुःख, कष्ट, आतङ्क आदिको प्रायः जसो हामी बिलौना गर्छौं। तर यस संसारमा भइरहेका कष्ट र खराब तत्त्वले परमेश्वर आफै विलाप गरिरहनुभएको छ भन्ने ज्ञानलाई हामी कति पल्ट सोच्दछौं? खराबले गर्दा परमेश्वर आफै कष्ट पाइरहनुभएको छ भन्ने ज्ञानले तपाईंलाई के फरक पार्दछ?**

४. परमेश्वरकै इच्छा विपरित यस संसारमा भइरहेका कुराको सत्यले तपाईंको आफ्नै दुःखको बारेमा बुझ्न कसरी मदत गर्दछ? खराबमा पर्नुपरे तापनि त्यसले असल नै हुनेछ भन्ने कुरामा तपाईं कतिको धुक्क हुन सक्नुहुन्छ?

## रुम्बाबाट चर्चमा

*लेखक:* आन्ड्र्यु मेकचेस्ने

सानो केटा भएकोले कोलोम्बियामा रुम्बा पर्वमा जान नेल्सनको लागि मनाही गरिएको थियो, तर जब उसका बाबुआमाले उसलाई डिसेम्बर ३१मा चर्चमा लगे र त्यसपछि उसलाई घरमै छोडिएको थियो तब त्यसबेला उसलाई केही न केही गल्ती भएको महसुस गरेको थियो। तिनीहरू नयाँ वर्षको साँझमा रुम्बा पर्व मनाउन गएका थिए। त्योचाहिँ नाच, गान, रमाइलो र रक्सी खाने परम्परागत पार्टी थियो।

इसाईहरू नयाँ वर्षमा चर्चमा गएर आफूलाई समर्पित गर्दथे अनि रमझम गर्न रुम्बा पर्व मनाउँथे। यो नेल्सनको संस्कारमा थियो। सानै भए तापनि चर्च पवित्र ठाउँ हो भनेर नेल्सनले आभास पाएको थियो। तर बेलुका भट्टी र नाइट क्लबमा रमझम गर्ने पवित्र नभएको उनले महसुस गरेको थियो। “मेरो परिवारले चर्चमा गएर पवित्र हुने र बेलुका रुम्बामा गएर अपवित्र हुने काम किन गरेको होला?” उसले सोच्यो।

आफ्नी आमालाई सोधे, “होइन आमा, तपाईं चर्चमा किन जानुहुन्छ त्यसपछि रुम्बामा पनि?” तर उनले जवाफ दिइन।

जवान भएपछि नेल्सन चर्चमा जान छोड्यो र रुम्बामा लोकप्रिय बाजाहरू बजाउन थाल्यो। नेल्सन अकोर्डियन बाजा असाध्यै राम्रोसँग बजाउँथ्यो। अनि धनी र प्रख्यात हुने कदममा चल्न थाल्यो।

अनि उसको भावी श्रीमतीसँग उसको भेटघाट भयो। उनी सेभेन्थ-डे एड्भेन्टिस्ट चर्च छोडेकी विश्वासी, लौरा थिइन्।

“मरेकाहरू स्वर्गमा हुँदैनन् भनेर के तिमीलाई थाहा छ?” उनले सोधिन्।

त्यो कुरा नेल्सनलाई मन परेन तैपनि तिनीहरूसँगै बस्दथे।

केही समयपछि लौरा एड्भेन्टिस्ट चर्चमा फर्किन्। उनका बाबुआमालाई भेट्न उनले नेल्सनलाई अनुरोध गरिन्। तिनीहरूको पहिलो भेटमा नै नेल्सन छक्क पऱ्यो। खाने बेलामा

"खानाको निम्ति प्रार्थना गरौं" उनको बाबुले भनेको उसले सुन्यो। खाने बेलामा नेल्सनले कहिले पनि प्रार्थना गरेको थिएन।

नेल्सन र लौराको बाबु असल साथीहरू भए। केही समयपछि नेल्सनले पनि खाने बेलामा प्रार्थना गर्न थाल्यो। लौरासँग नेल्सन चर्चमा पनि जान थाल्यो, तर पहिले शनिबारमा चर्च जाँदा उसलाई अनौठो लागेको थियो। तर उसले प्रस्थान २०:८-११ पढ्यो जहाँ परमेश्वरले शबाथ दिनलाई पवित्र राख भनेर आज्ञा दिनुभएको थियो। नेल्सन पनि पवित्र हुन चाहेको थियो।

आज नेल्सन ३० वर्षको छ। ऊ एड्भेन्टिस्ट सङ्गितकार हो। तर, ऊ रुम्बामा बाजा बजाउँदैन। त्यसको सट्टामा रेस्टुराँ र जन्मदिनको समारोहमा बाजा बजाउँछ। उसले परमेश्वरको बारेमा श्रोताहरूलाई सुनाउँछ र तिनीहरूको निम्ति प्रार्थना गर्छ। अब चर्चको गीति समूहले नेल्सनसँगै सार्वजनिक यातायातमा बाजा बजाउँछन्।

"सङ्गितले म संसारको निम्ति चम्किने भएको थिएँ। अब म ख्रीष्टको निम्ति चम्किन चाहन्छु," उसले सुनायो।

